# मेलम्ची खानेपानी आयोजना प्रभावित क्षेत्र अनुगमन समिति

गैरीविसौना देउपुर गा.वि.स. ५, काभ्रे

फोन: ९८४१३३४४०१


२०६२ भदौ ६

## भोलीदेखि मेलम्ची खानेपानी आयोजनाका सबै गाडीहरुको आवागमन बन्द गरिने

मेलम्ची खानेपानी आयोजनाले पटकपटक निवेदन गर्दा पनि आयोजनाबाट प्रभावित तथा विस्थापित किसानहरुलाई मुआब्जा तथा क्षतिपूर्ति दिनेतर्फ कुनै चासो नराखेपछि भोली भदौ ७ गतेदेखि अनिश्चितकालसम्म आयोजनाका सम्पूर्ण गाडीहरुको प्रवेशमाथि रोक लगाउने घोषणा गरेका छन् ।

आज मेलम्ची खानेपानी विकास समितिको कार्यालय, नयाँ वानेश्वरमा करिब १०० जना प्रभावित क्षेत्रका किसानहरुको प्रतिनिधिमण्डल तथा आयोजनाका पदाधिकारीहरुबीचको वार्ता कुनै ठोस टुंगो र सहमतिमा नपुगेपछि स्थानीय जनताहरुले यसरी गाडी रोक्ने आफ्नो पूर्वनिर्णय कार्यान्वयन गर्ने घोषणा गरेका हुन् ।

आयोजनाका तर्फबाट वार्तामा संलग्न उप कार्यकारी निर्देशक खोमबहादुर सुवेदी, जनसम्पर्क अधिकृत सलिल देवकोटा तथा मंगला कारञ्जित तथा कानुनी सल्लाहकारले पाँचखाल जिरो किलोमिटरदेखि मेलम्ची बजारसम्मको सडक निर्माणका कारण जग्गा प्राप्ति ऐन, २०३४ तथा सडक ऐन, २०३१ अनुसार घरजग्गाधनीहरुले उचित मुआब्जा तथा क्षतिपूर्ति पाउनुपर्ने कुरामा सहमति जनाए पनि आयोजनाले अहिले आएर त्यस्तो मुआब्जा तथा क्षतिपूर्ति दिननसक्ने जानकारी दिएका थिए ।

आयोजनाको उक्त भनाईप्रति असहमति जनाउँदै मेलम्ची खानेपानी आयोजना अनुगमन समिति एवं जल तथा ऊर्जा उपभोक्ता महासंघ नेपाल, काभ्रे शाखाका अध्यक्ष योगनाथ डोटेलले किसानहरुले मेलम्ची खानेपानी आयोजनाले जिम्मा लिएको जिरो किलोमिटरदेखि मेलम्ची बजारसम्मको सडकको मुआब्जा तथा क्षतिपूर्ति आजसम्म कसैले पनि नपाएको तथ्य स्पष्ट गर्दै आयोजनाले यसबारेमा विभिन्न भ्रमहरु फैलाउने कार्य गरेको बताउनु भयो । वहाँले सम्पूर्ण प्रभावित एवं विस्थापित किसानहरुले कानुनबमोजिम उचित मुआब्जा तथा क्षतिपूर्ति नपाएसम्म शान्तिपूर्ण रुपमा गाडी रोक्ने कार्य जारी राखिने बताउनु भयो ।

आज स्थानीय किसान तथा आयोजनाका पदाधिकारीबीच भएको वार्तामा हेलम्बु यातायात बस व्यवसायी समितिका अध्यक्ष हरि पलान्चोके तथा सचिव नन्दप्रसाद सापकोटासमेत उपस्थित हुनुहुन्थ्यो ।

योगनाथ डोटेल